# साधना लघुवित्त वित्तीय संस्था लि.

# SADHANA LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Head Office : Gorkha-6, Haramtari Tel : 064-420503
Email: sadhanamf2074@gmail.com, URL: sadhanalaghubitta.com.np

## Unaudited Financial Result (Quarterly)

### As at End of 4th Quarter of the Fiscal year 2077/2078

(Rs. in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **41,04,210.75** | **38,93,427.96** | **19,84,081.75** |
| 1.1 | Paid-up Capital | 2,56,980.40 | 2,56,980.40 | 2,56,980.40 |
| 1.2 | Reserves and Surplus | 1,34,368.70 | 94,092.25 | 19,351.49 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 27,57,074.41 | 26,58,426.25 | 12,27,865.72 |
| 1.5 | Deposits (a+b) | 8,35,223.42 | 7,78,699.82 | 4,55,351.17 |
| | a. Domestic Currency | 8,35,223.42 | 7,78,699.82 | 4,55,351.17 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 50,183.60 | 32,493.77 | - |
| 1.7 | Other Liabilities | 70,380.22 | 72,735.47 | 24,532.98 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **41,04,210.75** | **38,93,427.96** | **19,84,081.75** |
| 2.1 | Cash & Bank Balance | 5,27,031.46 | 1,259.66 | 2,35,095.47 |
| 2.2 | Money at call and short Notice | - | 1,71,484.52 | - |
| 2.3 | Investments | 2,00,000.00 | 5,50,000.00 | - |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 32,64,908.13 | 30,72,899.31 | 17,08,422.92 |
| | f. Others | 32,64,908.13 | 30,72,899.31 | 17,08,422.92 |
| 2.5 | Fixed Assets | 18,298.80 | 21,460.57 | 16,737.08 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 93,972.36 | 76,323.91 | 23,826.27 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 3,89,874.51 | 2,63,056.68 | 2,84,992.78 |
| 3.2 | Interest Expense | 1,47,205.52 | 1,03,472.24 | 1,44,644.89 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **2,42,668.99** | **1,59,584.44** | **1,40,347.89** |
| 3.3 | Fees Commission and Discount | 7,142.28 | 1,896.32 | 4,326.36 |
| 3.4 | Other Operating Income | 76,820.42 | 61,411.28 | 42,356.03 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **3,26,631.69** | **2,22,892.04** | **1,87,030.28** |
| 3.6 | Staff Expenses | 91,657.82 | 64,966.77 | 65,220.99 |
| 3.7 | Other Operating Expenses | 45,490.68 | 34,069.72 | 30,939.33 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **1,89,483.19** | **1,23,855.54** | **90,869.96** |
| 3.8 | Provision for Possible Loss | 37,411.31 | 29,597.93 | 56,257.05 |
| **D** | **Operating profit (C-3.8)** | **1,52,071.88** | **94,257.61** | **34,612.91** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 33,793.30 | 26,089.71 | 27,511.69 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **1,85,865.18** | **1,20,347.31** | **62,124.61** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **1,85,865.18** | **1,20,347.31** | **62,124.61** |
| 3.12 | Provision For Staff Bonus | 18,586.52 | 12,034.73 | 5,647.69 |
| 3.13 | Provision For Tax | 50,183.60 | 32,493.77 | 16,963.04 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **1,17,095.07** | **75,818.81** | **39,513.87** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 10.67% | 9.26% | 15.47% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.02% | 2.33% | 0.81% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 67.69% | 62.29% | 690.99% |
| 4.4 | Cost of Funds | 5.04% | 5.41% | 10.30% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 271.53% | 278.08% | 323.93% |

**Note:-**

- The above figures are subject to change if different by the supervisory authority and external Auditor.
- Commercial Operation Started from Mangsir 03, 2074
- Corresponding Previous Year Quarter Ending figures are Audited.

| Interest Rate | |
|---|---|
| **Deposit: 5-10%** | **Loan & Advances: 13.48-15%** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची– १४(नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७७/७८ को चौथो त्रैमासिक विवरण

**१. वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको चौथौ त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी (वार्षिक) | (मूल्य आम्दानी अनुपात) P/E ratio | प्रति सेयर नेटवर्थ | प्रति सेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४५।५७ | ३६।९१ | १५२।२८ | १५९७।०५ | १४।३८ |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
यस वित्तीय संस्थाको कारोवार, मौज्दात, तरलता र आम्दानी गत त्रैमासमा भन्दा वृद्धि भएको तथा कर्जा लगानी तथा असुली व्यवसायिक योजना अनुसार बृद्धि भएको।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरको अनुमति प्राप्त यस वित्तीय संस्थाले स्वरोजगारको सृजना गर्दै समृद्ध समाज निर्माणमा अग्रणी भूमिका निर्वाह गर्ने परिकल्पनाका साथ लक्षित वर्गलाई वित्तीय रुपले साक्षर बनाउँदै उनीहरुको सशक्तिकरणका लागि लघुवित्त सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामिण तथा शहरी विपन्न वर्गको आर्थिक सामाजिक अवस्था सुधार गर्ने र स्थानीय श्रोत साधन तथा सीपको भरपुर उपयोग गरी आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन विपन्न तथा न्यून आय भएका घरपरिवारलाई लघुकर्जाको सहज पहुँचको उपलब्धतालाई अभिबृद्धि गर्ने उद्देश्यले नेपालभरी नै लघुवित्त सेवा क्रमशः विस्तार गर्दै गएको छ। हाल देशभर ७६ वटा शाखा कार्यालय मार्फत ६९ हजार ६ सय ३९ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस चौथो त्रैमासिक समीक्षा अवधि सम्ममा लगानीमा रहेको कूल कर्जा रु. ३ अर्ब ३१ करोड र बचत रु ८३ करोड ५२ लाख पुऱ्याई सकेको छ। यस संस्थाले नविनतम प्रविधिहरुको प्रयोग गरी छिटो छरिटो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा र सदस्यहरुको दोहोरोपना आदि कारणबाट वित्तीय संस्थालाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले यस वित्तीय संस्थाले कर्जा सुचना केन्द्र संग समन्वय गरी कर्जा सुचना आदान प्रदान गरेको र उच्च व्यवस्थापनमा अनुभवी कर्मचारीहरु रहेकोले सोको उचित व्यवस्थापन गरिँदै आएको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) समिक्षा अवधिमा वित्तीय संस्थाले कसैको बिरुद्धमा मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा पनि कसैले मुद्दा दायर गरेको सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः
दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारको लागि यस वित्तीय संस्थाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराई सन्तोजनक रुपमा कारोबार भईरहेको।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः
नेपाल स्टक एकस्चेन्ज लि.को वेबसाईट https://newweb.nepalstock.com.np का अनुसार चौथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयर सम्बन्धी कारोबार निम्न अनुसार रहेको छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारावोर भएको कुल दिन | कारोबार कित्ता |
|---|---|---|---|---|
| २०७९ | १४६१ | १६८२ | ६५ | ६,१४,५३८ कित्ता |

**५. समस्या तथा चुनौती :**

हाल विश्वभर महामारीको रुपमा फैलिएको दोश्रो चरणको कोरोना भाइरसको कारण नियमित वित्तीय कारोवार हुन नसक्दा कर्जा असुली, आम्दानी र संस्थाको अरु सामाजिक गतिविधिहरुमा नकरात्मक असर पार्ने देखिएतापनि पहिलाकै अवस्थामा संचालन गर्ने प्रयास रहनेछ साथसाथै वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययीता अपनाईने छ।

**६. संस्थागत सुशासन :**

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, शाखा सुपरिवेक्षण तथा अनुगमन निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, कर्जा नीति बनाई लागू गरिएको छ। व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति र सम्पत्ती शुद्धिकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।